**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर २८ गते आइतबार ❑ 14 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## एमालेले देशलाई गलत दिशामा जान दिँदैन: अध्यक्ष ओली

**रासस**
काठमाडौं, २७ मंसिर



नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले देशलाई गलत दिशामा जान नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सो पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनको भक्तपुरकोसल्लाघारीमाआयोजित उद्घाटनसत्रलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अनेक चुनौती र प्रहारलाई चिर्दै एमालेको पक्षमा जनलहर उर्लिएको बताउनुभयो । एमाले कुनै राजनीतिक 'स्टन्ट' नगरी समृद्ध मुलुक बनाउने सङ्कल्पमा अग्रसर रहने जनाउँदै सुशासन र विकास चाहने सम्पूर्ण शक्तिले एमालेलाई साथ दिएको उल्लेख गर्नुभयो । "लोकतन्त्र अजेय छ, नेकपा एमाले अजम्मरी छ । लोकतन्त्र र जनताको हितमा समर्पित एमाले जस्तो शक्तिलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्छ । सिङ्गो देशलाई समृद्ध र सुखी बनाउने गन्तव्यतर्फ हामी अघि बढिरहेका छौँ", अध्यक्ष ओलीले भन्नुभयो, "कम्युनिष्ट पार्टी जति बलियो भयो, त्यति नै राष्ट्रियता बलियो हुन्छ । एमाले सामाजिक न्याय र सामाजिक न्यायको सुरुआती अभियन्ता पार्टी हो । नागरिकले जीवनको आधार यही शक्ति हो ।"

एमाले समावेशिताको अगुवा भएको बताउँदै उहाँले राष्ट्रिय राजनीतिमा एमालेले सबै क्षेत्रको समावेशीतालाई स्थापित गरेको बताउनुभयो । एमाले नेपाली विशेषतासहितको समाजवाद निर्माणमा लागेको उल्लेख गर्दै उहाँले एमाले गाउँमुखी र जनसहभागितामूलक विकास तथा ठूला विकास योजनाको अभियन्ता भएको बताउनुभयो । महाधिवेशनको विशाल उपस्थितिलाई बेवास्ता नगर्न स्मरण गराउँदै उहाँले विघटित संसद् पुनःस्थापना हुनेमा आफूहरु विश्वस्त रहेको अध्यक्ष ओलीले बताउनुभयो ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा घुसपैठका कारण राज्य र राज्यका संरचनालाई कमजोर बनाइए पनि शान्तिपूर्ण र न्यायपूर्ण बलको जगमा लोकतन्त्रलाई फर्काइने अध्यक्ष ओलीको भनाइ थियो । उहाँले अहिलेको सरकार निर्वाचनको वातावरण बनाउनभन्दा पूर्वाग्रह र संविधानविपरीतका काममा लागेको आरोप पनि लगाउनुभयो ।

## देशको विकासको लागि अब भाषण होइन एक्सनमा जानु पर्छ– मन्त्री घिसिङ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर




नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्री कुलमान घिसिङले देशमा स्थायीत्वको लागि आर्थिक क्रान्ति जरुरी रहेको बताउनु भएको छ ।

उज्यालो नेपाल गण्डकी प्रदेश स्तरीय भेलालाई पोखरामा शनिबार सम्बोधन गर्दै उहाँले देशमा स्थायीत्वको लागि आर्थिक क्रान्ति सहित सामाजिक न्याय र शुसासन कायम हुनु पर्नेमा जोड दिनु भएको हो ।

भ्रष्टचार मुक्त, शुसासन कायम भएमा धेरै समस्या समाधान हुने तर्क दिदै उहाँले अब वोलेर भाषणले मात्र नभई एक्सनमा जानु पर्ने समय आएको बताउनु भयो । देशमा बिकासको अर्को बाधक एन कानून तथा यिमनहरु रहेको उल्लेख गर्दै मन्त्री घिसिङले जनताको हित विपरितका कानूनहरु अब पूर्ण रुपमा खारेज गरी अघि बढ्नु पर्ने धारणा व्यक्त गर्नुभयो । सही समयमा सही व्यक्तिहरू नेतृत्वमा पुग्न नसक्दा देशमा अपेक्षित परिवर्तन र विकासले गति लिन नसकेको मन्त्री घिसिङको भनाई थियो । जेनजी आन्दोलनले सरकार परिवर्तन गराए पनि देशको सिस्टम र व्यवस्था परिवर्तन हुन नसकेको उहाँले उल्लेख गर्नु भयो । "सही व्यक्तिहरूले काम गरेर देखाएपछि मात्रै जनताले विश्वास गर्छन्," उहाँले भन्नुभयो, "परिवर्तन एउटा क्षेत्र मात्रै उज्यालो भएर हुँदैन, समग्र प्रणाली परिवर्तन हुनुपर्छ ।"

पोखराको सौन्दर्यता र कनेक्टिभिटीलाई प्राथमिकतामा राखेर सरकार अघि बढिरहेको बताउँदै मन्त्री घिसिङले पोखरामा पटक-पटक विद्युत् लाइन काटिने समस्या अब नदोहोऱ्याउने गरी व्यवस्थापनको काम अगाडि बढेको जनाउनु भयो । टेक्निकल समस्याहरू पहिचान गरेर समाधान गर्न निर्देशन दिइसकिएको उहाँको भनाइ थियो । पोखराका पोलहरूमा रहेका तारहरू अन्डरग्राउन्ड गर्ने, पोलहरू सारेर शहरलाई व्यवस्थित र सुन्दर बनाउने कामलाई नमुना परियोजनाका रूपमा अघि बढाइएको मन्त्री घिसिङले बताउनुभयो । पोखराको सौन्दर्यता निर्माणका विषयमा दीर्घकालीन सोच सहित योजना कार्यान्वयन भइरहेको उहाँले स्पष्ट पार्नुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको विषयमा मन्त्री घिसिङले निर्माण सम्पन्न भइसकेपछि त्यसबाट अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि आवश्यक पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कनेक्टिभिटी विस्तार गर्न सके पोखरामा पर्यटक आगमन उल्लेखनीय रूपमा बढ्ने उहाँको विश्वास छ । सडक पूर्वाधारतर्फ पोखरा-मुग्लिन सडकखण्ड स्तरोन्नति अन्तिम चरणमा पुगेको जानकारी दिँदै उहाँले पोखरा-सिद्धार्थ राजमार्गलाई ६ घण्टाको यात्रा ३-४ घण्टामा झार्ने लक्ष्यसहित काम भइरहेको बताउनुभयो । साथै, पोखरा-काठमाडौँ सडक स्तरोन्नतिको कामलाई पनि तीव्रता दिइएको उहाँको भनाइ थियो । पर्यटनको राजधानी पोखरामा पूर्वाधार विकास अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री घिसिङले चीन र भारतजस्ता दुई शक्तिशाली छिमेकी देशसँग


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## गण्डकीमा मानसिक अस्पतालको अभाव

**पोखरापत्र संवाददाता**
पोखरा, २७ मंसिर

गण्डकी प्रदेशमा मनोसामाजिक समस्या भएका बिरामीको सङ्ख्या दिनानुदिन बढ्दै गएपनि उक्त रोगको निदान तथा औषधोपचारका लागि विशिष्टिकृत र सुविधायुक्त अस्पतालको अभाव छ ।

अन्य अस्पतालमा पनि दरबन्दीअनुसार मानसिक रोगका विशेषज्ञ चिकित्सक नहुँदा उपचार सेवा प्राप्त गर्न कठिनाइ छ । मानसिक समस्याबाट गुज्रिरहेका दुरदराजका बिरामी महँगो खर्चमा काठमाडौँका अस्पतालमा पुग्न बाध्य छन् । गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकका अनुसार गण्डकी प्रदेशमा हालसम्म मानसिक अस्पताल छैन ।

प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरामा विशिष्टिकृत अस्पताल सरहको मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र निर्माणका लागि पहल गरेपनि त्यसले सार्थकता पाइनसकेको उहाँको भनाइ छ । स्वास्थ्य मन्त्रालय र जिल्ला समन्वय समिति, कास्की मिलेर उक्त केन्द्र निर्माणका लागि गत वर्षदेखि छलफल हुँदै आएको थियो । स्वास्थ्यमन्त्री पाठकले मानसिक स्वास्थ्य समस्या विकराल बन्दै गएकाले प्रदेशस्तरमा सुविधायुक्त मानसिक अस्पताल आवश्यकता औँल्याउनुभयो । उहाँका अनुसार गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य समस्याकै कारण औसतमा दैनिक दुई जनाले आत्महत्या गर्ने गरेको आँकडाले देखाएको छ । मन्त्रालयले मानसिक रोगको निदान, परामर्श, उपचारलगायतमा गुणस्तरीय सेवा प्रदान गर्ने गरी मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाका लागि पहल अगाडि बढाएको थियो । पोखराको सिर्जनाचोकमा रहेको जिल्ला समन्वय समितिको जग्गामा उक्त केन्द्र निर्माण गर्ने गरी विभिन्न चरणमा छलफल भएको मन्त्री पाठकले बताउनुभयो । गत वर्ष नै सङ्घ सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव, प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयका सचिव, महानिर्देशक, महाशाखा प्रमुख, जिल्ला समन्वय समितिका प्रमुखलगायतको बैठकले केन्द्र निर्माणका लागि आवश्यक सबै तयारी र पहल अगाडि बढाउने निर्णय गरेको थियो । मानसिक रोगको उपचार गर्ने अस्पतालका रूपमा मात्रै नभएर समग्र मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्रका रूपमा विकास गर्ने योजना बनाइएको स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । अन्य अस्पतालबाट मानसिक रोगको पनि उपचार तथा परामर्श सेवा प्रदान गरिएपनि गण्डकी प्रदेशमा मानसिक रोगसम्बन्धि छुट्टै विशिष्टिकृत अस्पताल अहिलेसम्म बनेको छैन ।

## लुम्बिनी लायन्सलाई एनपिएल दोस्रो संस्करणको उपाधि

**रासस**
काठमाडौं, २७ मंसिर





लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को उपाधि जितेको छ ।

कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा शनिबार भएको खेलमा लुम्बिनी लायन्सले गत संस्करणको उपविजेता सुदूरपश्चिम रोयल्सलाई छ विकेटले पराजित गर्दै उपाधि जितेको हो । सुदूरपश्चिम यसपट्क पनि उपविजेतामै रोकियो । पहिलो संस्करणको फाइन खेलमा सुदूरपश्चिम जनकपुर बोट्ल्ससँग पराजित भएको थियो । यसपटक उपाधिसहित लुम्बिनीले रु एक करोड १० लाख हात पाऱ्यो । उपविजेता सुदूरपश्चिमले रु ५१ लाखमा चित्त बुझायो । सुदूरपश्चिमले जितका लागि दिएको ८६ रनको लक्ष्य पछ्याएको लुम्बिनीले नौ ओभरमा चार विकेट गुमाउदै लक्ष्य पूरा गऱ्यो ।

लुम्बिनीका लागि दिनेश अधिकारीले सर्वाधिक ४२ रनको योगदान दिए । उनले १३ बलमा एक चौका र पाँच छक्का प्रहार गर्दै ४२ रनको योगदान गरेका हुन् । यस्तै, डार्शी शर्टले १४ रन बनाए । उनले १३ बलमा तीन चौका प्रहार गर्दै १४ रन बनाए । कप्तान रोहित पौडेलले १६ रन बनाए । उनले १२ बलमा दुई चौका र एक छक्का प्रहार गर्दै १६ रन बनाएका हुन् । निरोशन डिक्वेलले ११ रनमा अविजित रहे । यस्तै, सन्दिप जोरा शून्यमा आउट भए ।

बलिङतर्फ सुदूरपश्चिमका हेमन्त धामीले दुई विकेट लिए भने अविनाश बोहोरा र दिपेन्द्रसिंह ऐरीले समान एक/एक विकेट लिए । यसअघि, टस जितेर पहिला ब्याटिङ रोजेको सुदूरपश्चिम १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटिएको थियो । सुदूरपश्चिमका लागि इशान पाण्डेले सर्वाधिक ३३ रन जोडे । उनले ५१ बलमा एक चौकाको सहयोगमा ३३ रन जोडेका हुन् । यस्तै, कप्तान दिपेन्द्रसिंह ऐरीले १३ रन बनाए भने हरमीत सिंह र स्कट कुगेलिइनले समान १०/१० रन जोडे । त्यसबाहेक अन्य ब्याट्सम्यानहरूले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । सुदूरपश्चिमलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनी लायन्सका बलरहरूले उत्कृष्ट प्रदर्शन गरे । लुम्बिनीका लागि शेर मल्ल, रुबेन ट्रम्पेलमान र कप्तान रोहित पौडेलले समान तीन तीन विकेट हात पारे । यस्तै, टीका भन्डारीले एक विकेट लिए ।

# हिमालय एकेडेमी कपमा नविन र डायमण्ड बिजयी

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पोखरा क्रिकेट मैदानमा जारी हिमालय क्रिकेट एकेडेमी कप २०८२ यु-१६ अन्तर विद्यालय पुरुष टि-२० क्रिकेट प्रतियोगिता अन्तर्गत शनिवार सम्पन्न खेलमा नविन मावि र डायमण्ड मावि बिजयी भएका छन ।

हिमालय क्रिकेट एकेडेमीको प्रायोजन, पोखरा महानगरपालिका क्रिकेट संघको संयोजन तथा कास्की जिल्ला क्रिकेट संघको आयोजनामा जारी उक्त प्रतियोगिताको तेश्रो दिन सम्पन्न खेलमा नविन मावि र डायमण्ड मावि बिजयी भएका हुन । शनिवार सम्पन्न पहिलो खेलमा हार्वड एकेडेमीले टस जितेर नविन माविलाइ ब्याटिङको निम्तो दियो । उक्त खेलमा नविन माविले १६.२ ओभरमा १० विकेटको नोक्सानीमा १सय ५ रन बनाउन सफल भयो । नविनका ब्याट्स म्यान निरन्जन ठाकुरले १६ बलमा २६ रन बनाए । त्यस्तै ऋषि प्रजापतिले २५ बलमा २६




रन नट आउट बनाएका थिए । त्यसैगरी हार्वड एकेडेमीका बलर सम्पी भण्डारीले ४ ओभरमा २१ रन खर्चेर २ विकेट लिन सफल भए । त्यसैगरी डेनिश शाहीले १.२ ओभरमा १ रन दिदै २ विकेट लिन सफल भए ।

त्यसैगरी जवाफी ब्याटिङमा उत्रेको हार्वड एकेडेमीले १६.४ ओभरमा १० विकेटको नोक्सानीमा ४६ रन बनाउन सफल भए । नविन माविका बलर श्रीराम प्रजापतिले ३ ओभरमा ११ रन लिदै ३ विकेट लिन सफल भएभने सौरभ सिद्धिकीले ३.४ ओभरमा ४ रन दिदै ४ विकेट लिन सफल भए । उक्त खेलको म्यान अफदी म्याच नविन माबिका सौरभ सिद्धिकी घोषित भए ।

डायमण्ड सेकेण्डरी स्कुल र त्रिवेणी विचको दोश्रो खेलमा त्रिवेणीले टस जितेर डायमण्डलाई ब्याटिङको निम्तो दियो । डायमण्डले २० ओभर खेल्दै ४ विकेटको नोक्सानीमा १ सय ८४ रन बनाउन सफल भयो । जसमा ससांक तिवारीले ५० बलमा ६६ रन, अविरल पोखेल क्षेत्रीले २६ वलमा ४३ रन त्यसैगरी त्रिवेणीका बलर अरुण नियोरले ४ ओभर ३८ रन दिदै २ विकेट लिन सफल भए । वकिल पुनले ४ ओभरमा ३६ रन दिदै २ विकेट लिन सफल भए । त्यसैगरी जवाफी ब्याटिङमा उत्रेको त्रिवेणीले २० ओभर खेल्दै ८ विकेटको नोक्सानीमा १३० रन बनाउन सफल भयो ।

जसमा विद्यान कुँवर ३१ बल खेल्दै २६ रन, अरुण परियार १३ बल खेल्दै १८ रन नट आउट रहन सफल भए । यसैगरी डायमण्डका बलर शुसांक तिवारी ४ ओभरमा १३ रन दिदै ३ विकेट लिन सफल भएका थिए । उक्त खेलको प्लेयर अफ द म्याच डायमण्डका शुसांक तिवारी घोषित भए । भोलिको खेल पहिलो खेल हिमालय सेकेण्डरी स्कुल र रत्नज्योती र दोश्रो खेल जनप्रकाश मावि र रेभेल रेसिडेन्स सेकेण्डरी स्कुल बीच हुनेछ ।



अन्नपूर्ण हिमशृखला : पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट शनिबार देखिएको अन्नपूर्ण हिमशृखलाको दृश्य । तस्बिर : युनिश गुरुङ/रासस

# ड्यामसाइडमा चौथो संस्करणको विद्यालय स्तरीय चित्रकला प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पोखराको ड्यामसाइड क्लबको आयोजनामा आइतबार पोखराको ड्यामसाइड स्थित माछापुच्छ्रे प्रतिबिम्ब पार्कमा खुल्ला विद्यालय स्तरीय चित्रकला प्रतियोगिता हुने भएको छ ।

विद्यार्थीहरूमा भएको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले चित्रकला प्रतियोगिता आयोजना गर्न लागिएको क्लबका अध्यक्ष रमेश प्रसाद बरालले बताउनुभयो।

प्रतियोगितामा विभिन्न बिद्यालयका करिब ४० जना प्रतियोगिहरु सहभागि हुने भएको उहाँले जनाउनु भयो । उक्त पार्कमा बिहान ११ बजेदेखि सुरु हुने प्रतियोगितामा करिब २ घण्टा जसो प्रतियोगीहरूले विभिन्न कलाकृतिमा चित्रहरू कोर्ने भएको अध्यक्ष बरालले जनाउनुभयो।त्यसैगरीकार्यक्रमका प्रमुख आमन्त्रित व्यक्तित्वको रुपमा वरिष्ठ चित्रकार यादव चन्द्र भुर्तेल रहनुहुने आयोजकले जनाएको छ । प्रतियोगितमा विजेताहरुलाई आकर्षक नगद पुरस्कार समेत व्यवस्था गरिएको कार्यक्रम संयोजक सन्ध्या श्रेष्ठले बताउनुभयो । पोखराको ड्यामसाइड क्लबले फुटबल विकासदेखि लिएर विभिन्न खेलक्षेत्र त्यसैगरी साहित्य कला लगायतका विभिन्न सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान दिदै आएको पूर्व अध्यक्ष पदम बहादुर ढकालले बताउनु भयो ।

# बुद्ध विशाल बजारको दसैं तिहार लक्षित उपहार योजनाका विजेताहरू घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पोखराको बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले नेपालीहरुका चाडपर्व दशैं तिहारलाई लक्ष्य गरेर ल्याएको ' दशैं तिहार उपहारै उपहारको बहार' उपहार योजना अन्तरगत अन्तिम पुरस्कार विजेताहरु छनोट गरेको छ ।

बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनको गेट अगाडि एक कार्यक्रमको आयोजना गरी पुरस्कार विजेताहरू छनोट गरीएको हो । लक्की ड्र मार्फत् २० हजारको सपिङ भौचर बिजेताहरु र त्यसै गरि मंसिर महिनाको मासिक विशेष उपहार अन्तर्गत ५ हजारको सपिङ भौचर बिजेताहरु रहेका छन् ।

उपहार कार्यक्रममा बोल्दै एशोसिएसनका मानार्थ सदस्य तथा सल्लाहकार केशवबहादुर खत्रीले ग्राहकहरूलाई बुद्ध विशाल बजार व्यापारिक एसोसिएसन भित्रका कुनै पनि पसलबाट ५ सयको समान खरिद गर्दा एउटा उपहार कुपन र १५ सय भन्दा बढीको खरिद गर्दा २ वटा




उपहार कुपन निशुल्क उपलब्ध गराइएको उपहार योजना भदौ महिनाबाट सन्चालन गरेको एशोसियसनले मासिक विशेष उपहार अन्तरगत सपिङ भौचर ५ हजार बराबरको ४ जनालाई लक्की ड्र मार्फत् उपलब्ध गराउदै आएको र लक्की ड्र मार्फत् अन्तिम फाईनलमा ५ जनालाई २० हजारको सपिङ भौचर उपलब्ध गराईएको बताए । खत्रीले व्यवसायी साथीहरूको लागी संस्था नै ठुलो हुने भएको हुदा व्यक्ति ठूलो हुन नसक्ने बताउदै व्यवसायी साथीहरूमा एकरूपता भएमा संस्था बलियो हुने बताए ।

संस्थाका अध्यक्ष बुद्धि वहादुर कुँवरले चार दशक भन्दा लामो व्यवसायिक विरासत बोकेको पोखराको व्यपारिक थलो बुद्ध विशाल बजारले नाफामुखी भन्दा पनि गुणस्तरीय सामानहरु बिक्री गरेर सेवाको रुपमा व्यवसाय गरिरहेको बताउदै चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको एशोसिएसनले यस वर्ष धेरै भन्दा धेरै ग्राहकलाई समेटन 'दशैं तिहार उपहारै उपहारको बहार' उपहार योजना ल्याएको बताए ।

अध्यक्ष कुँवरले उपहार कार्यक्रम भदौ महिनाबाट लागू गरि मंसिर २७ गतेसम्म सञ्चालन भएको र चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको एशोसिएसनले यस वर्ष धेरै भन्दा धेरै ग्राहकलाई समेटन ' दशैं तिहार उपहारै उपहारको बहार' उपहार योजना ल्याएको बताए । संस्थाका सल्लाहकार माधव प्रसाद सिग्देलले विशेष गरी नेपालीहरुका चाडपर्वलाई लक्षित गरी उपहार कार्यक्रम संस्थाले ल्याएको बताउदै पोखराको बुद्ध विशाल बजार यस क्षेत्रमा नै सपिङ्गको लागि पहिलो रोजाईमा पर्ने गरेको बताए ।

संस्थाका सचिव शान्ति श्रेष्ठ जोशीले स्वागत मन्तव्य राखेकी थिईन भने कार्यक्रम संस्थाका महासचिव थमन सिंह गुरूङले सन्चालन गरेका थिए । कार्यक्रममा एशोसियसन सदस्यहरू मध्य सवैभन्दा धेरै उपहार कुपन बिक्री गर्ने व्यवसायीहरू डिजाएर कलेक्सनका सन्जय श्रेष्ठ लुंगी हाउसका लाल सिंह राना मगरलाई सम्मान गरिएको थियो ।

२ सय ४० सटर रहेको बुद्ध विशाल बजारमा १ सय ९१ सदस्य रहेका छन् । फेन्सी, कष्मेटिक, इलेक्ट्रोनिक्स, मोबाइल लगागतका सामान खरिद र बिक्री हुने गरेको बुद्ध विशाल बजारमा ३५ सय देखि ४ हजारलाई प्रत्यक्ष रोजगारी मिलेको छ ।

# पर्यटनमा साझेदारीसँगै आशा र विश्वास जगाउँदै सकियो प्रवर्द्धन

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेशले पोखराहुँदै बाग्लुङ, बुर्तिबाङ र ढोरपाटनसम्मका विभिन्न पर्यटकीय गन्तव्यलाई लक्षित गरी सञ्चालित तीन दिने पर्यटन प्रवर्द्धन कार्यक्रम सकिएको छ ।

आन्तरिक पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ आयोजित कार्यक्रममा संघ आवद्ध सदस्यसँगै पोखरामा कृयाशिल विभिन्न पर्यटनसम्बद्ध संस्थाका पदाधिकारी, सञ्चारकर्मी सहितको टोली सहित मङसिर २४ गतेदेखि पोखराबाट ढोरपाटनसम्मको प्रवर्द्धनात्मक कार्यक्रममा निस्कीएको संघका गण्डकी प्रदेश अध्यक्ष दुर्गादत्त दहालले जानकारी दिनुभयो ।

कार्यक्रमकै अवसरमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोगमा बाग्लुङमा कास्की, बाग्लुङ, म्याग्दी र पर्वतका यातायात सम्बद्ध व्यवसायी, चालक तथा सहचालकका लागि गरिएको अभिमुखीकरण तालिम यस क्षेत्रमा सुरक्षित एवम् गुणस्तरीय यातायात सेवा सञ्चालनका लागि उपलब्धिपूर्ण बनेको उहाँले बताउनुभयो । कार्यक्रमकै क्रममा बाग्लुङ, बुर्तिवाङ र ढोरपाटन क्षेत्रका पर्यटन व्यवसायीसँग एक आपसमा पर्यटकीय साझेदारी बढाउने लगायतका विषयमा महत्वपूर्ण छलफलहरू भएको उहाँले जानकारी दिनुभयो ।

"पोखराबाट ढोरपाटनसम्म ठाउँ ठाउँमा बन्दै र स्तरोन्नति भैरहेका बाटोलाई चाँडो निर्माण सम्पन्न गर्नुपर्ने देखिन्छ", उहाँले भन्नुभयो, "बाटो व्यवस्थित हुन सकेमा पोखराबाट ठूलो संख्यामा पर्यटकहरूलाई ढोरपाटनसम्म पुऱ्याउन सकिन्छ ।" पर्यटकीय सम्भावना बोकेका ढोरपाटन जस्ता स्थलहरूको पर्यटकीय विकासका लागि प्रवर्द्धन जरुरी रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका बरिष्ठ अधिकृत युवराज गुरुङले बताउनुभयो ।

प्रवर्द्धनसँगै तत्तत् ठाउँका पर्यटन व्यवसायीको क्षमता अभिबृद्धि समेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो । प्रवर्द्धन कार्यक्रमले पोखरा र ढोरपाटनको पर्यटकीय विकास र साझेदारीमा ठूलो आशा एवम् विश्वास जगाएको संघका प्रथम उपाध्यक्ष एवम् कार्यक्रम संयोजक रविप्रसाद आचार्यले जानकारी दिनुभयो । "कार्यक्रमसँगै पोखरा-ढोरपाटनको पर्यटन प्रवर्द्धन र पर्यटकीय साझेदारीका लागि महत्वपूर्ण उपलब्धि हासिल भएको हामीले महसुस गरेका छौं", उहाँले भन्नुभयो, "पर्यटन सम्बद्ध सबै पक्षको एकतावद्ध प्रयाससँगै व्यवसायी व्यवसायी बीचको एकापसमा समन्वय र साझेदारीबाट सबैले फाइदा लिन सकिन्छ ।"


## एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं ।

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं ।

सावधानी अपनाऔं, स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## देशको ...

राम्रो सडक सञ्जाल र हवाई कनेक्टिभिटी विस्तार गर्न सके करोडौं पर्यटक भित्र्याउन सकिने दाबी गर्नुभयो । पोखरामा प्रकृति, संस्कृति, वेलनेस र धार्मिक पर्यटनको ठूलो सम्भावना रहेको उहाँले बताउनुभयो ।

ठेक्का अलपत्र छाड्दा रोजगारी सिर्जना नहुने उल्लेख गर्दै मन्त्री घिसिङले आर्थिक विकास बिना रोजगारी सम्भव नरहेको बताउनुभयो । विकासका क्रममा चुनौती लिनैपर्ने धारणा राख्दै उहाँले भोट बैंकको डरले विकास रोकिन नहुने स्पष्ट पार्नुभयो । "देश र समाजको हितका लागि कर्तव्यनिष्ठ भएर काम गर्नुपर्छ," उहाँले भन्नुभयो । हेटौंडा सडकखण्ड विस्तारलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै मन्त्री घिसिङले लामो समयदेखि बन्न नसकेको सडक आफ्नो पहलमा सुरु भएको उल्लेख गर्नुभयो । उहाँका अनुसार समस्यालाई बुझेर समाधान गर्नु नै असल राजनीतिज्ञको पहिचान हो ।

मन्त्री घिसिङले सही नेतृत्व अघि नआउँदा विकास र समृद्धिले गति लिन नसकेको, बेरोजगारी बढेको र त्यसकै परिणामस्वरूप जेनजी आन्दोलन भएको बताउनुभयो । जनतामा निराशा र आक्रोश बढ्दै जाँदा त्यसले विस्फोटको रूप लिएको उहाँको तर्क थियो । बजेट विनियोजन जनचाहना र आवश्यकताका आधारमा हुनुपर्नेमा जोड दिँदै उहाँले भ्यु टावरभन्दा पुल, सिँचाइ जस्ता आधारभूत पूर्वाधारमा लगानी गर्नुपर्ने धारणा राख्नुभयो । सिँचाइ अभावका कारण किसान मर्कामा परेकाले सरकारले गम्भीरतापूर्वक समाधान गर्नुपर्ने उहाँले बताउनुभयो । घिसिङकै संरक्षकत्वमा गठन भएको उक्त पार्टीमा गण्डकी प्रदेशभरका युवाहरूको उल्लेखनीय उपस्थिति रहेको पार्टीका केन्द्रीय सदस्य कुशल गुरुङले जानकारी दिनुभयो । कार्यक्रममा पोखराकी पर्यटन व्यवसायी लक्की क्षेत्रीले देशमा आफुहरुले आर्थिक विकास र समृद्धिको नारा मात्र सुन्नु परेको गुनासो गर्दै अब देशमा विकास चाहेको जनाउनु भयो । केन्द्रिय सदस्य रिमा विश्वकर्माले पोखरा विमानस्थल निर्माणकको क्रममा भ्रष्टचार गर्नेहरुलाई कार्वाही गर्न माग गर्नुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# एमालेले कामबाट दिएको सन्देश

ऐतिहासिक सांस्कृतिक नगरी भक्तपुरको सल्लाघारीस्थित खुला मैदानबाट नेकपा एमालेले एघारौं राष्ट्रिय महाधिवेशन सुरू गरेको छ । विभिन्न क्षेत्रबाट सांस्कृतिक झाँकी सहित सल्लाघारी पुगेको जनसभाबीच अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशन उद्घाटन गरे । भाषणको शैली फेर्दै लिखित मन्तव्य प्रस्तुत गरेका ओलीले महाधिवेशनको सन्देश र अर्थ बुझाउने कोशिस गरे।महाधिवेशन एमाले जीवनको यो नियमित प्रक्रिया मात्र नभएर विशेष सन्देश दिन पनि महाधिवेशन गरिएको हो ।

'सम्झिरहेको छु, ३ महिना अगाडिका ती कहालीलाग्दा दिनहरू, जतिबेला देश युद्धभूमि जस्तै जलिरहेको थियो,' ओलीले भने, 'जति बेला संविधान, लोकतन्त्र र यसका आधार स्तम्भ राजनीतिक दलहरुमाथि भीषण हमला गरिएको थियो । र, एउटा भाष्य निर्माण गर्ने कोशिस भइरहेको थियो- पुराना पार्टीहरू सकिए, नेताहरुका दिन गए । एमालेको सान्दर्भिकता समाप्त भयो ।' जेनजी आन्दोलनपछिका केही दिन ओलीले भनेजस्तै राजनीतिक दलहरुले बोल्न सक्ने स्थिति थिएन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम चुनावी सरकार बनेको थियो । कार्की नेतृत्वको अन्तरिम सरकार गठन भएपछि दलहरूले आफ्ना गतिविधि बढाएका छन् ।

जेनजी आन्दोलन दमनको आरोप लागेको सरकारको नेतृत्व गरेको एमाले र तत्कालीन प्रधानमन्त्री रहेका अध्यक्ष केपी शर्मा ओलीले बिस्तारै गतिविधि बढाएका छन् । शनिबारको जनप्रदर्शनलाई एमाले फेरि उठेको सन्देशका रुपमा बुझ्नुपर्ने धेरैले सामाजिक संजालमा लेखेका छन् । तीन महिनाअघि धुवा, खरानी र निषेधका प्रत्येक प्रहारलाई चिदै जनसागर यसरी ओर्लिएको देखेर एमाले महाधिवेशनलाई शुभकामना दिन गएका धेरै नेताले कामबाटै जवाफ दिएको घोषणा गरे। ओलीले भने- म ढुक्कले भन्न सक्छु- लोकतन्त्र अजेय छ, नेकपा एमाले अजम्बरी छ। ओलीकै जस्तो दाबी महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवालीले पनि गरेका छन् ।

ओली सहित नेताहरुले यस्तो भाषण गर्ने तयारी गत कात्तिक दोस्रोबाटै सुरू भएको थियो । ओलीको अस्थायी निवास गुन्डुमा गत १५ कात्तिकमा बसेको सचिवालय बैठकबाटै सडक प्रदर्शनबाट राष्ट्रिय सन्देश दिने निर्णय भएको थियो । सडक प्रदर्शनलाई प्रतिनिधि सभा पुनर्स्थापना संविधान र लोकतन्त्रको रक्षा गर्न भनिए पनि पार्टीका पक्षमा मोहल सिर्जना गर्ने उद्देश्य लुकेको थिएन । नभन्दै, सचिवालय बैठकको निर्णय बमोजिम एमालेले देशभर आफ्ना कार्यकर्ता उतारे । २२ कात्तिकमा सबै वडामा, २५ कात्तिकमा सबै पालिका र २९ कात्तिकमा सबै जिल्लामा जनप्रदर्शन गरेको एमालेले ६ मंसिरमा भृकुटीमण्डपमा जनप्रदर्शन गरेको थियो ।

६ मंसिरको जनसभा पछि नेताहरुले आजको मिति तोक्दै विशाल जनप्रदर्शन हुने बताउने गरेका थिए । '२७ गतेका दिन नेपालको इतिहासमै सर्वाधिक ठूलो जनसभा काठमाडौंमा आयोजना गर्दैछौं । हामी देखाउन चाहन्छौं, जनता कसको साथमा छ,' गत १७ कात्तिकमा राजधानीमै आयोजित एक कार्यक्रममा महासचिव पोखरेलले भनेका थिए । नेता र कार्यकर्ता खटेर पुरानो अवस्थामा फर्काउन खोजेको सन्देश दिएका छन् ।

एघारौं राष्ट्रिय महाधिवेशन पार्टीको आन्तरिक लोकतन्त्र जत्तिकै महत्व राष्ट्रिय राजनीतिका निम्ति भएको छ। सार्वजनिक अभिव्यक्तिजस्तै जनप्रदर्शनलाई अर्थपूर्ण बनाउन पार्टी नेता-कार्यकर्ता परिचालित भएका थिए ।जनताको बीचबाट उठेका कार्यकर्ता र नेतालाई डर धम्की र षड्यन्त्रले पलायन हुन दिदैन भन्ने स्पष्ट सन्देश पनि हो । अरु दलले पनि महाधिवेशन गरेर कार्यकर्ताबाट अनुमोदित हुने र देशलाई लोकतान्त्रिक प्रणालीमा लैजान सहकार्य गर्न आवश्यक छ ।

# युवाको भावनाअनुरुप काम गर्नुपर्ने

पोखरापत्र संवाददाता
बागलुङ, २७ मंसिर



नेपाली कम्युनिष्ट पार्टीका नेत्री पम्फा भुसालले चुनावका माध्यमबाट सरकारमा नयाँ राजनीतिक नेतृत्व आउने र त्यसले देशलाई विकास-निर्माणको बाटोमा अग्रसर गराउने बताउनुभएको छ ।

प्रेस सेन्टर नेपालले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले संविधानको रक्षा गर्नु हरेक नागरिक दायित्व भएको बताउनुभयो । जनताको चाहना र आवश्यकअनुसार राज्य सञ्चालन नगर्दा जेनजी आन्दोलन भएको बताउँदै उहाँले युवापुस्ताको भावनाअनुरुप राजनीतिक नेतृत्व क्रियाशील हुनुपर्ने विचार व्यक्त गर्नुभयो । नेपाली कम्युनिष्ट पार्टी चुनावमा भाग लिन तयार छ भन्दै त्यसका लागि जिल्ला-जिल्लामा चुनावी प्रचारप्रसारमा जुटेको पूर्वमन्त्री भुसालले बताउनुभयो ।

# सिद्धार्थ बैंकद्वारा 'ग्रासरुट टेनिस'लाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर




सिद्धार्थ बैंकले गण्डकी प्रदेश टेनिस संघद्वारा सञ्चालित 'ग्रासरुट टेनिस' प्रशिक्षण कार्यक्रमलाई सहयोग गरेको छ ।

बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत सो सहयोग गरेको हो ।

गण्डकी प्रदेश टेनिस संघले विगत दुई वर्ष देखि निरन्तर रुपमा सञ्चालन गर्दै आएको सो प्रशिक्षण कार्यक्रम गरिब तथा विपन्न वर्गका बालबालिकाहरुलाई लक्षित गरेको गण्डकी प्रदेश टेनिस संघका महासचिव नविन चालिसेले बताएका छन् । सिद्धार्थ बैंकले हरेक वर्ष २ लाख सहयोग गर्दै आएको बताउँदै महासचिव चालिसेले यो सहयोग गरिब तथा विपन्न वर्गका बालबालिकाहरुको टेनिस मार्फत जिवनस्तर माथी उठाउनसँगै सामाजमा अनुशासित नागरिक उत्पादन समेत सहयोग पुग्ने बताए ।

शनिबार पोखरा रंगशालामा आयोजित एक कार्यक्रमका बीच लेकसाइडस्थित बैंकका शाखा प्रवन्धक अनिरुद्र बरालले ग्रासरुट प्रशिक्षणमा रहेका ३० जना बालबालिका लाई न्यानो पोशाक अन्तर्गत ट्र्याक सुट वितरण गरे । सो अवसरमा उनले गण्डकी टेनिसले टेनिसमार्फत बालबालिकाको क्षेत्रमा महत्वपूर्ण कार्य गरेकोले बैंकले सहकार्य गरेको बताए । उनले सहभागि बालबालिकाहरुको उज्वल भविष्यको कामना गर्दै बैंकले आफ्नो सहकार्यलाई निरन्तरता दिने समेत प्रतिवद्धता जनाए ।

गण्डकी प्रदेश टेनिस संघका अध्यक्ष विनोद कायस्थको अध्यक्षतामा भएको कार्यक्रममा संघका सचिव लक्ष्मण बरालले समेत आफ्ना भनाई राखेका थिए ।

# एसिया कप क्रिकेट: नेपाल श्रीलङ्कासँग पराजित

रासस
काठमाडौं, २७ मंसिर

एसिसी यु-१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएको पहिलो खेलमा नेपाल श्रीलङ्कासँग ८ विकेटले पराजित भएको छ ।

दुबईको द सेभेन्स रङ्गशाला भएको खेलमा नेपालले श्रीलङ्कालाई जितको लागि ८३ रनको लक्ष्य दिएको थियो । श्रीलङ्काले १४ दशमलव ५ ओभरमा दुई विकेट गुमाएर लक्ष्य पूरा गरेको हो । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल २८.५ ओभरमा सबै विकेट गुमाउँदै ८२ रनमा समेटिएको थियो । समूह 'बी' मा रहेको नेपालले आगामी सोमबार बङ्गलादेशसँग खेल्नेछ । यही मङ्सिर २६ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा नेपालसहित बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तान, भारत, पाकिस्तान, युएई र मलेसिया सहभागी छन् ।

# मुदीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २७ मंसिर

म्याग्दीको धौलागिरि गाउँपालिका-४ मा १४ मेगावाट क्षमताको मुदीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु भएको छ ।

म्याग्दी र गुर्जाखोलाको दोभानमा धौलागिरि गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर घर्तीले पहुँचमार्ग निर्माण कार्यको सुरुआत गर्नुभएको हो । दोभानदेखि अर्चेको फेदीमा रहने बाँध निर्माणस्थलसम्म आठ किलोमिटर पहुँचमार्ग निर्माण गर्न थालिएको प्रवर्द्धक कम्पनी एभरेष्ट इनर्जी एण्ड इन्फ्रास्ट्रक्चरले जनाएको छ । प्रवर्द्धक कम्पनीका सम्पर्क व्यक्ति राम केसीले विद्युतगृहदेखि बाँध रहने स्थानसम्म पहुँचमार्ग पुऱ्याएपछि सिभिल ठेकेदारमार्फत बाँध, सुरुङ र विद्युतगृह निर्माण थालिने जानकारी दिनुभयो । "पहुँचमार्ग निर्माणसँगै वित्तीय व्यवस्थापन, सिभिल र इलेक्ट्रोमेकानिकल ठेकेदार छनोटको कामलाई पनि समानान्तर हिसाबले अघि बढेको छ", उहाँले भन्नुभयो, "सुरुङ निर्माणमा आवश्यक पर्ने विस्फोटक पदार्थ भण्डारण र सुरक्षाका लागि आयोजनास्थलमा नेपाली सेनाको पोष्ट राख्न आवश्यक पूर्वाधार निर्माण पनि सुरु गर्ने तयारी छ ।" अर्चेको फेदीमा बाँध, गुर्जा र म्याग्दी नदीको दोभानमा विद्युतगृह रहने आयोजनाको चार किलोमिटर सुरुङ रहनेछ । विद्युत् खरिद बिक्री सम्झौता भइसकेको आयोजनाले विद्युत् विकास विभागबाट जेनेरेशन अनुमतिपत्र पाइसकेको छ । बाँध र विद्युत् गृहको हेड ३३७ मिटर रहेको छ । यस आयोजनाको लागत प्रतिमेगावाट रु १६ करोड अनुमान गरिएको केसीले बताउनुभयो । रन अफ द रिभर (नदी प्रवाह)मा आधारित यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत् प्राधिकरणले डाँडाखेतमा निर्माण गरेको १३२ केभिए क्षमताको सवस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आबद्ध गराइनेछ । दोभानदेखि डाँडाखेतसम्म म्याग्दी र सहायक नदीमा निर्माणाधीन अन्य आयोजनासँग पनि साझेदारी गरेर आठ किलोमिटर लामो प्रशारण लाइन निर्माण गरिने भएको छ ।

धौलागिरि गाउँपालिका-४ को भूगोल भएर बग्ने नदीहरूमा मुदीखोलाबाहेक ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१, ४६ दशमलव २५ मेगावाटको अपर म्याग्दी जलविद्युत् आयोजनानिर्माणाधीन छन् । पैँसठ्ठी मेगावाट क्षमताको म्याग्दीखोलाजलविद्युत्आयोजनाले जेल्तुङ्देखि दोभानमा रहने बाँध जोड्ने पहुँचमार्ग निर्माणको तयारी गरेको वडाध्यक्ष घर्तीले बताउनुभयो ।

# म्याग्दीबाट कांग्रेसकातर्फबाट गर्बुजा र भण्डारी सिफारिस

पोखरापत्र संवाददाता
म्याग्दी, २७ मंसिर

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको उमेद्वारका लागि नेपाली कांग्रेस म्याग्दीले दुई जनाको नाम सिफारिस गरेको छ । प्रत्यक्षतर्फ पार्टीका जिल्ला सभापति खमबहादुर गर्बुजा र उपसभापति कर्णबहादुर भण्डारीको नाम सिफारिस गरिएको हो ।

विसं २०७९ को निर्वाचनमा म्याग्दीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित गर्बुजा जेनजी आन्दोलनअघि तत्कालीन सरकारमा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्रीको जिम्मेवारीमा हुनुहुन्थ्यो । बेनीस्थित पार्टी कार्यालयमा आज बसेको जिल्ला कार्यसमिति, केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश अधिवेशन प्रतिनिधिको संयुक्त बैठकले केन्द्रिय समितिको निर्देशनअनुसार प्रत्यक्ष र समानुपातिकतर्फका उमेद्वारको नाम सिफारिस गरेको सचिव हिराबहादुर पुनले बताउनुभयो ।

उहाँका अनुसार छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा प्रतिनिधिसभाको एउटा मात्र निर्वाचन क्षेत्र छ । त्यस्तै राष्ट्रियसभा निर्वाचनका लागि पुरुषतर्फ नेत्रबहादुर महत र महिलातर्फ निर्मला श्रेष्ठको नाम सिफारिस गरिएको उहाँले जानकारी दिनुभयो ।

# आइटिएफ टेनिस : नेपालकी शिभालीलाई दोहोरो उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पोखरामा आयोजना गरिएको 'आइटिएफ वर्ल्ड टेनिस टुर सर्किट–२' प्रतियोगितामा नेपालकी शिभाली गुरुङले दोहोरो उपाधि जितेकी छन् ।

पोखरामा शनिबार सम्पन्न सर्किट २ को 'गर्ल्स एकल'तर्फको फाइनलमा ताइपेइकी के-ची सुलाइ सोझो सेटमा पराजित गरी उनले उपाधि हात पारेकी हुन् । पहिलो सेट ६-२ ले जित्दै ताइपेइकी खेलाडीलाई दबाबमा राख्न सफल उनले दोस्रो सेटमा पनि दबदबा कायम गर्दै ६-१ ले जितिन् । शिभालीले यसअघि सर्किट १ को उपाधिसमेत आफ्नो पोल्टामा पारेकी थिइन् । उनले १४ वर्षको उमेरमा 'गर्ल्स सिंगल्स' र 'डबल्स'मा सर्किट १ र २ मा दोहोरो उपाधि जितेर इतिहास रच्दै ७५ अङ्कसमेत बटुल्न सफल भएकी हुन् । यसैगरी 'गर्ल्स डबल्स'मा पनि शिभाली र ताइपेईकी के-ची सुको जोडीले फाइनलमा भारतकी तेजस्वी मन्नेनी र न्यूजिल्याण्डकी बोइदेही उकिललाई ६-२ ६-१ ले सोझो सेटमा पराजित गर्दै उपाधि आफ्नो पक्षमा पारेका थिए । 'ब्वाइज सिंगल्स'मा ताइपेइका नं १ सिडिङ खेलाडी टिङ हो याङले जितेका छन् । १-१ सेटको बराबरीमा रहेको फाइनल खेलमा कोरियाली खेलाडी युल हो जुङ रिटायर्ड हर्ट हुँदै कोर्टबाट बाहिरिएका थिए । खेलमा पहिलो सेट युल होले ४-६ ले जितेका थिए भने दोस्रो सेट ६-४ ले टिङ होले आफ्नो पक्षमा पारेका थिए । तेस्रो सेट चलिरहँदा युल हो रिटायर्ड हर्टहुँदै मैदान छोडेका थिए । यस्तै, 'ब्वाइज डबल्स'मा कोरियाली जोडी ह्यो जिन हा र युल हो जुङको जोडीले भारतीय जोडी प्रतीक शेओरन र अनुज अभिजित तशिलदारलाई ६-३ ७-६(४) ले पराजित गर्दै उपाधि जितेका थिए । पोखरामा दुई सातासम्म लगातार सञ्चालन भएको प्रतियोगितामा १६ देशका ८० खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगिताका विजेता खेलाडीलाई नेपाल टेनिस सङ्घका केन्द्रीय उपाध्यक्ष विनोद कायस्थ, कास्की टेनिसका अध्यक्ष राजकुमार गुरुङ, नेपाल टेनिसका सचिव अजय विष्ट, कास्की टेनिसका प्रथम उपाध्यक्ष नवीन चालिसे, नेपाल नं १ टेनिस खेलाडी प्रदीप खड्का, आइटिएफ रेफ्रि प्रवीनकुमार नायकले पुरस्कार वितरण गर्नुभयो ।

# रोहितले जिते कार, अरू खेलाडी क-कसले के पाए ?

रासस
काठमाडौं, २७ मंसिर

लुम्बिनी लायन्सका कप्तान रोहितकुमार पौडेलले नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो सिजनमा 'प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै कार हात पारेका छन् ।

लुम्बिनीले फाइनलमा सुदूरपश्चिम रोयल्सलाई छ विकेटले हराउँदै पहिलोपल्ट एनपिएलको उपाधि उचाल्यो । लुम्बिनीको सफलतामा रोहितको अलराउन्ड प्रदर्शन निर्णायक रह्यो । उनी सिजनमा सर्वाधिक २७६ रनकर्ताको सूचीमा दोस्रो स्थानमा रहे । नेपालको तर्फबाट उनी सर्वाधिक रनकर्ता पनि हुन् । विनोद भण्डारी २६४ रनसहित नेपालका लागि दोस्रो स्थानमा रहे । रोहितले बलिङतर्फ पनि १० विकेट लिए भने उत्कृष्ट ब्याटर पनि भए । उनले प्रतियोगिताको 'इमर्जिङ प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै पल्सर मोटरसाइकलसमेत पाए । यस्तै, १७ विकेट लिँदै सर्वाधिक विकेटकर्ताको सूचीमा संयुक्त रुपमा सन्दीप लामिछाने र अविनाश बोहोरा शीर्ष स्थानमा रहे । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी रुबेन ट्रम्पलमेन, सर्वोत्कृष्ट बलर सन्दीप लामिछाने बने । 'रेडबुल प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै बोहरा र लामिछानेले सर्वोत्कृष्ट बलर पुरस्कारसहित मोटरसाइकल पाए । ट्रम्पल्मानले रु पाँच लाख पुरस्कार जिते । यस्तै, लुम्बिनीका तिलकराज भण्डारी 'इनर्जेटिक प्लेअर अफ द टुर्नामेन्ट' घोषित भए । लुम्बिनीका शेर मल्लले 'इमर्जिङ' खेलाडी बन्दै मोटरसाइकल हात पारे । पुरस्कार विजेतालाई सञ्चारमन्त्री जगदीश खरेल, नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दलगायतले पुरस्कार प्रदान गर्नुभयो ।

# बागलुङबाट कांग्रेसले गऱ्यो ३६ जनाको नाम सिफारिस

पोखरापत्र संवाददाता
बागलुङ, २७ मंसिर

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेसले बागलुङबाट ३६ जनाको नाम सिफारिस गरेको छ ।

प्रत्यक्ष र समानुपातिक तथा राष्ट्रियसभाका लागि बागलुङ क्षेत्र नं १ बाट १९ र क्षेत्र नं २ बाट १७ जनाको नाम सिफारिस भएको हो । दुई वटा निर्वाचन क्षेत्र रहेको बागलुङमा प्रत्यक्षतर्फ २० जनाको नाम सिफारिस भएको पार्टीका क्षेत्रीय सभापति जोकलाल बुढामगरले जानकारी दिनुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एक महिनाभित्र काम सुरु नगरे घुमाउने पुलको ठेक्का तोडिनेछ : मन्त्री घिसिङ

पोखरापत्र संवाददाता
तनहुँ, २७ मंसिर

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले एक महिनाभित्र काम सुरु नगरे घुमाउने पुलको ठेक्का तोड्ने चेतावनी दिनुभएको छ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-२९ जोड्ने अलपत्र घुमाउने पुलको आज निरीक्षण गर्नुहुँदै मन्त्री घिसिङले एक महिनाभित्र काम सुरु गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको छ। मन्त्री घिसिङले लामो समयदेखि अलपत्र पुलको बारेमा राष्ट्रियस्तरमा चर्चा रहेको बताउँदै काम नगर्ने भए ठेक्का तोड्नुभन्दा अर्को विकल्प नरहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "घुमाउने पुल जसरी पनि निर्माण गर्नुपर्नेछ। यहाँ राष्ट्रपतिको पनि चासो छ। काम गर्नुस्, नगर्ने भए भन्नुस्।" मन्त्री घिसिङले घुमाउने



पुलको डिजाइन परिवर्तन गरी सडक विभागमा आएकोबारे तत्कालै डिजाइन स्वीकृत गर्न सडक विभागलाई निर्देशन दिनुभएको हो। उहाँले भन्नुभयो, "पुरानै डिजाइनमा पनि नौ वर्षसम्म किन काम नगर्नुभएको ? विकास निर्माणमा ढिलासुस्ती सैह्य हुँदैन।" आँबुखैरेनी गाउँपालिका-५ र भरतपुर महानगरपालिका-२९ घुमाउने जोड्ने त्रिशूली नदीमाथिको घुमाउनेमा सम्झौताअनुसार काम भएको भए यतिबेला पक्की पुल बनिसक्थ्यो। एघार वर्ष अगाडि घुमाउनेमा पुल निर्माण थालिए पनि अहिलेसम्म दुईतिरको भागमा पिल्लर मात्रै ठडिएको छ। मृत सञ्जीवनी निर्माण कम्पनी हेटौँडासँग पहिलोपटक विसं २०७० असारमा उक्त पुल निर्माणका लागि सम्झौता भएको थियो। बारम्बारको म्याद थप र डिजाइन परिवर्तन पछि अन्तिम पटक विसं २०७५ माघमा निर्माणका लागि पुनः सम्झौता गरेकामा विसं २०७८ चैतमा पुल निर्माण सकिनुपर्नेमा अहिलेसम्म जम्मा करिब ५० प्रतिशत मात्र काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ।

उक्त पुल १०५ मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने छ। सम्झौता बेला पुलको लागत रु नौ करोड ५६ लाख थियो। गण्डकी प्रदेशलाई चितवनको नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंहमार्गको घुमाउनेको उक्त मोटरेबल पुलको निर्माण सम्पन्नपश्चात् पोखरा र दमौलीलाई नारायणगढ आउन जान हाल सञ्चालन भइरहेको मुग्लिङ-नारायणगढ सडकभन्दा २३ किलोमिटरको दूरी छोटो पर्छ। घुमाउनेमा मोटरेबल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन्।

# कोन सहकारीको २७ औं साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पोखरा महानगरपालिका वडा नं. १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को २७ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

सभाको उद्घाटन गर्दै संस्थाका मानार्थ संरक्षक तथा पूर्व अध्यक्ष शरदकान्त सिग्देलले संस्थाको हितका लागि आँफू सधैं सहकार्य गर्न तत्पर रहेको बताए। उनले साधारण सभाले सदस्यहरूलाई आफ्ना जिज्ञासा राख्न सहज वातावरण सिर्जना गर्ने धारणा राखे। शेयर सदस्यहरूको सक्रिय सहभागिताले मात्र सहकारीको योजना अगाडि बढाउन सहज हुने संरक्षक सिग्देलको भनाइ थियो। कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष तीर्थबहादुर बस्नेतले वि.सं. २०५६ सालमा स्थापना भएदेखि हालसम्मको सहकारीको अवस्थाबारे चर्चा गरे। कर्मचारीहरूको निष्ठा,



पारदर्शिता र सेवाभावले नै संस्थालाई विश्वासको केन्द्र बनाएकोमा बस्नेतले जोड दिए। बस्नेतले सहकारीको माध्यमबाट सदस्यहरूको आर्थिक र सामाजिक स्तर उकास्न सकिने विचार व्यक्त गरे। सो अवसरमा लामो समयसम्म नियमित कारोबार गर्ने नानीमाया श्रेष्ठलाई 'उत्कृष्ट सदस्य सम्मान' प्रदान गरियो। त्यस्तै, १५ वर्ष अघिदेखि सहकारीको उन्नतिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएकी अधिकृत हेमा गुरुङलाई सम्मानपत्रसहित सम्मान गरिएको थियो। संस्थाका अध्यक्ष माधवप्रसाद सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सञ्चालक समितिका सचिव सुरेन्द्र प्रसाद सिग्देल, कोषाध्यक्ष जयप्रसाद सापकोटा, लेखा सुपरिवेक्षण समितिका संयोजक ज्ञानेन्द्रप्रसाद सिग्देल, शेयर सदस्यका तर्फबाट पुरनकुमार श्रेष्ठ र महिला शेयर सदस्यका तर्फबाट विष्णु सापकोटा लगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा सञ्चालक समिति सदस्य शारदा सिग्देल पराजुलीले सहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन्।

# कांग्रेस तनहुँबाट ३९ उम्मेदवार सिफारिस

पोखरापत्र संवाददाता
तनहुँ, २७ मंसिर

नेपाली कांग्रेस तनहुँले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुवै क्षेत्रबाट उम्मेदवार सिफारिस गरेको छ।

पार्टीको शुक्रबार सम्पन्न जिल्ला कार्यसमितिको बैठकले क्षेत्र नम्बर १ र २ बाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्य उम्मेदवार, समानुपातिक उम्मेदवार र राष्ट्रियसभा सदस्य उम्मेदवार सिफारिस गरेको हो।

क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ केन्द्रीय सदस्य गोविन्द भट्टराईसहित १० जना सिफारिस गरिएको पार्टीका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो। यस्तै क्षेत्र नम्बर २ बाट केन्द्रीय सदस्य शङ्कर भण्डारीसहित सात जनाको नाम सिफारिस गरिएको छ।

खनालका अनुसार राष्ट्रियसभाका लागि केन्द्रीय सदस्य ध्रुव वाग्लेसहित सात जनाको नाम सिफारिस गरिएको छ। क्षेत्र नम्बर १ प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ गोविन्द भट्टराई, रामचन्द्र पोखेल, सरिता गुरुङ, दीपक भट्टराई, डा जगदीशचन्द्र पोखरेल, रमेशबाबु भट्टराई, पुरुषोत्तम खनाल, उद्धव पौडेल र श्याम कुमारी मौराती सिफारिस हुनुभएको छ।

यस्तै समानुपातिकतर्फ दलिततर्फ डोबाटे विक र यमुना विक, महिलातर्फ चिनु पोखरेल, पवित्रा पौडेल, मीरा जोशी, चिजा श्रेष्ठ, एलिजा ढकाल, अपाङ्ग अल्पसङ्ख्यकतर्फ प्रकाश पन्थ, जब्बरदिन मिया मुन्ना, साहिदा खातुन र अन्यतर्फ समुन्द्र गोदार तथा हरित्त पौडेल सिफारिस हुनुभएको छ।

क्षेत्र नम्बर २ प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ शङ्कर भण्डारी, प्रदीप पौडेल, पुष्पराज पराजुली, चुडामणि खनाल, चामबहादुर थापा, डा यदुनाथ खनाल र नवीन खनालको नाम सिफारिस गरिएको छ। समानुपातिकतर्फ मायादेवी राना, इन्दिरा खनाल र सन्तोष घिमिरेको नाम सिफारिस गरिएको छ। राष्ट्रियसभाका लागि कुलचन्द्र वाग्ले, ध्रुव वाग्ले, रघुनाथ पौडेल, लक्ष्मी आचार्य, डा कृष्णप्रसाद गौतम, अर्जुन अधिकारी र विद्या खनालको नाम सिफारिस गरिएको छ।

क्षेत्र नम्बर १ र २ को संसदीय समितिको सिफारिस अनुसारको नामावली नेपाली कांग्रेस तनहुँसमिति गण्डकी प्रदेश कार्यसमिति हुँदै केन्द्रीय कार्यसमितिमा सिफारिस गरिएको खनालले बताउनुभयो।

# पुष्प सदन एकेडेमी कास्कीको ३८ औं अभिभावक दिवस

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पुष्प सदन एकेडेमी कास्की, पोखरा-१२ फुलबारीको ३८ औं अभिभावक दिवस तथा पुरस्कार वितरण समारोह शनिबार सम्पन्न भएको छ।

समारोहको उद्घाटन गर्दै प्रमुख अतिथि नेसनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले विद्यार्थीलाई व्यवहारिक ज्ञानको खाँचो रहेको बताए। 'अब विद्यार्थीहरुलाई कक्षा कोठामा मात्रै सिमित गरेर पढाएको शिक्षाले गुणस्तर बृद्धि गर्न सकिदैन' अध्यक्ष अधिकारीले भने, 'शिक्षाको गुणस्तर बृद्धि गर्नका लागि प्राक्टिल, नैतिक र व्यवहारीक ज्ञान दिने खालको शिक्षा आवश्यकता छ, त्यो यो विद्यालयमा रहेको छ।' परिवार, समाज र राष्ट्रलाई परिवर्तन गर्न सक्ने क्षमता विद्यार्थीमा भएकोले विद्यार्थीले आफ्नो पढाईलाई प्रविधि र आयआर्जनको क्षेत्रसँग जोड्नु पर्ने उनको भनाई थियो। नेसनल प्याब्सन कास्कीका उपाध्यक्ष मनकाजी



गुरुङले निजी विद्यालयमा आएका विभिन्न चुनौतिका वावजुत पनि विद्यालयल अझै व्यवस्थित बनाउँदै लगेकोमा खुशी व्यक्त गरे। 'शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयले ल्याएका योजनाहरु उत्कृष्ट छन्' उपाध्यक्ष गुरुङले भने, 'विद्यालयले ल्याएका योजनालाई विद्यार्थीलाई परिपालन गर्दै गएका उत्कृष्ट विद्यालय बन्ने छ।' कार्यक्रममा २०८२ सालको स्पोर्ट मिट, तिज नृत्य प्रतियोगिता, अतिरिक्त क्रियाकलाप, २०८१ को शैक्षिक पुरस्कार एसइई २०८१ का विद्यार्थी पुरस्कार तथा मायाको चिनो प्रदान गरिएको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य टिकाराम गुरुङ, सिमला आधार भूत विद्यालयका प्रध्यानाध्यापक देवेन्द्र राज परियार, पुष्प सदन एकेडेमी कास्कीकी सहायक प्रध्यानाध्यापक मञ्जु पहारी थापाले बोलेका थिए।


पुष्प सदन एकेडेमी कास्कीका संस्थापक अध्यक्ष अजय थापाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय कोअर्डिनेटर अर्जुन पौडेल र विद्यार्थी प्रज्ञा सापकोटाले स्वागत तथा शिक्षकद्वय शोभा पौडेल र प्रतिक्षा सेढाईले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा विद्यालयका विद्यार्थीले विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

# पाहुनाको पर्खाइमा 'मुदीगाउँ'

रासस
म्याग्दी, २७ मंसिर

पृष्ठभूमिमा गुर्जा र धवलागिरि हिमाल। भिरालो पाखामा गुजमुज्ज ढुङ्गे घरहरू। ग्रामीण जीवनशैली। हिउँदमा बैँसी र बर्खामा लेक जाने पशुका घुम्ती गोठहरू। चिटिक्क परेका गल्लीहरू। कनसिमा मकैको भोता झुण्ड्याएका घरहरू।

म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्ने मुदीगाउँ रमणीय र मनोमोहक छ। मगर समुदायको बाहुल्य बसोबास रहेको मुदी प्रकृति र संस्कृतिको सङ्गम हो। हिमशृङ्खला, पहाडी भूगोल, ग्रामीण जीवनशैलीमा रमाउन सकिने मुदी पाहुना र पर्यटकको पर्खाइमा रहेको वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो। "संसारको सातौँ (८१६७) मिटर अग्लो धवलागिरि हिमाल यही मुदीगाउँ समेटिएको धवलागिरि गाउँपालिका-४ को भूगोलमा पर्छ", उहाँले भन्नुभयो, "प्रचारप्रसारको कमीले ओझेलमा परेको मुदीमा पर्यटन पूर्वाधार निर्माण र विस्तारसँगै प्रवर्द्धनमा जुटेका छौँ।"



नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनका क्रममा मुदी र दरमा चिरकालिजको बासस्थान रहेको भेटिएको हो। अध्ययनमा सहभागी विराट रजकका अनुसार एक वर्षअघि भएको अध्ययनका क्रममा मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका थिए। मुदीगाउँभित्रका गल्लीमा सरसफाइ, ढल व्यवस्थापन र ढुङ्गा बिछ्याएर चिटिक्क पारिएको छ। मुदीगाउँ र हिमाल अवलोकनका लागि वडा कार्यालय परिसरको डाँडामा भ्यु प्वाइन्ट (दृश्य अवलोकन)स्थल बनाइएको छ। भ्यु प्वाइन्ट वरपरको पदमार्गमा रेलिङ राखिएको छ। करिब ३० मिनेट पैदलयात्रा गरेपछि पुगिने थलडाँडाबाट हिमालका अलावा छिमेकी बस्ती, नागबेली परेर बगेको म्याग्दी, गुर्जा र दरखोला र पहाडी भूगोलको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ। समुद्री सतहदेखि दुई हजार ५०० मिटरमा अवस्थित मुदीका अधिकांश घर परम्परागत शैलीका ढुङ्गे छन्। मुदीका करिब दुई सय ५० मध्ये २० घरपरिवार दलित र तीन परिवार गुरुङका छन्। मगर समुदायको साँस्कृतिक पहिचान पुरख्यौली, मादले, मारुनी नाच, यानीमाया, सालैजो गीतले पाहुनालाई स्वागत गर्ने चलन छ। मुदीदेखि धवलागिरि चक्रीय र गुर्जा हिमाल पदयात्रामा जान सकिन्छ। यहाँको लेकमा वैशाख जेठमा यार्सागुम्बा र असोज कात्तिकमा च्याउ टिप्ने चलन छ। फिरन्ते शैलीमा घुम्ती गोठमा गाईभैँसीपालन गर्ने गोठालाको दिनचर्या र जीवनशैली अध्ययन गर्न सकिन्छ। म्याग्दी सदरमुकाम बेनीदेखि गाडीमा तीन घण्टा र मोटरसाइकलमा दुई घण्टा यात्रा गरेपछि मुदी पुगिन्छ। बेनीदेखि ४७ किलोमिटर दूरीमा रहेको मुदीका लागि आवतजावतका लागि जिप चल्छन्।

मुदीमा पाहुना र पर्यटकलाई लक्षित गरेर घरबास (होमस्टे) सञ्चालन भएको छ। होमस्टेका सञ्चालक गौबहादुर राम्जालीले सडक यातायातको पहुँच, गाउँको फेदी भएर बग्ने गुर्जा र म्याग्दी नदीमा जलविद्युत् आयोजना निर्माण हुन थालेपछि पाहुना आउन थालेका बताउनुभयो।

"पाहुनालाई घरायसी वातावरणमा खानेबस्ने व्यवस्था मिलाउनका लागि आठ-दश वर्षअघि बनाएर प्रयोगमा नआएको घरमा आधारभूत पूर्वाधार बनाएर होमस्टे चलाएको हो", उहाँले भन्नुभयो, "लोकल कुखुरा, खसीबोकाको मासु, च्याउ, टुसाको तरकारी, सिमीको दाल, कोदो, फापरको ढिँडोको स्वाद चखाउने गरेको छु।" उक्त होमस्टेमा एक दिनमा २० देखि ३० जना सहजै बास बस्न सक्छन्। धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले मुदी, मुना क्षेत्रमा रेडपाण्डा, चिरकालिजजस्ता दुर्लभ वन्यजन्तु र पन्छी पाइने भएकाले पर्यापर्यटनको हिसाबले पनि सम्भावना देखिएको बताउनुभयो। मुदीको पर्यटन विकासका लागि पूर्वाधार निर्माणसँगै धवलागिरि आरोहण दिवस हिमाल भएको वडा मुदीमै मनाउन नेपाल पर्यटन बोर्ड र सम्बद्ध गैरसरकारी संस्थालाई अनुरोध गरिएको उहाँले बताउनुभयो।

# कल्याणकारी कोषले खेलाडीलाई राहत

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

गण्डकी प्रदेश खेलकुद परिषद्ले खेलाडी कल्याणकारी कोषमार्फत खेलाडीलाई अध्ययन छात्रवृत्ति, औषधोपचारलगायत वृत्तिविकासमा सहयोग गर्दै आएको छ।

गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै राष्ट्रिय/अन्तर ष्ट्रिय प्रतियोगितामा उपाधि हाँसिल गर्ने खेलाडीलाई वार्षिक रुपमा अध्ययन छात्रवृत्ति प्रदान गर्ने गरिएको परिषद्ले जनाएको छ।

गत वर्ष ९२ जना खेलाडीको छात्रवृत्तिमा झण्डै रु. २० लाख खर्च भएको परिषद्का सदस्यसचिव श्रीधर शर्माले बताउनुभयो। उहाँका अनुसार कक्षा दससम्म अध्ययन गर्ने खेलाडीलाई रु. १२ हजार, कक्षा ११ र १२ पढ्ने खेलाडीलाई रु. १७ हजार र स्नातक अध्ययनरत खेलाडीलाई रु. २७ हजारका दरले अध्ययन छात्रवृत्ति प्रदान गरिएको थियो। यस वर्ष पनि अध्ययन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने सदस्यसचिव शर्माको भनाइ छ। "खेलाडी कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८२ मन्त्रिपरिषद् बाट स्वीकृत भएर आइसकेको छ", उहाँले भन्नुभयो, "अब थप व्यवस्थित रुपमा अध्ययन छात्रवृत्तिलगायत खेलाडीका लागि अन्य कल्याणकारी कार्यक्रम सञ्चालन हुनेछन्, यसबाट खेलाडीलाई ठूलो राहत पुग्नेछ।" यसअघि खेलकुद परिषद्को निर्णयका आधारमा खेलाडीलाई अध्ययन छात्रवृत्ति प्रदान गरिएको थियो।

कार्यविधिले व्यवस्था गरे बमोजिम सदस्यसचिवको संयोजकत्वमा गठन हुने सञ्चालक समितिले कोषलाई व्यवस्थित रुपमा अगाडि बढाउने परिषद्ले जनाएको छ। कोषका लागि प्रदेश सरकारले वार्षिक रु. पाँच लाख मात्र विनियोजन गर्दै आएकामा उक्त रकम अब थप हुने जनाइएको छ।

परिषद्ले खेलाडी र तिनका परिवारका सदस्यको औषधोपचारका लागि छुटको व्यवस्था गर्न सरकारी अस्पताल र स्वास्थ्य संस्थामा पहल गरिरहेको जनाएको छ। खेलाडी र प्रशिक्षको दुर्घटना बीमा पनि गरिएको सदस्यसचिव शर्माले बताउनुभयो।

विगत तीन वर्षदेखि गण्डकी प्रदेशभित्र रहेको ओलम्पियन खेलाडीलाई पनि मासिक रु. पाँच हजार भत्ता दिँदै आएको छ। गण्डकीमा उक्त भत्ता बुझ्ने ओलम्पियन खेलाडी दस जना रहेका छन्।

"खेलाडीको वृत्तिविकास र व्यावसायिक सुरक्षामा प्रदेश सरकार र प्रदेश खेलकुद परिषद्को ध्यान छ", सदस्यसचिव शर्माले भन्नुभयो, "आगामी दिनमा खेलकुद क्षेत्रमा लगानी थप बढ्दै जान्छ, खेलाडी कल्याणकारी कोष सम्बन्धी कार्यविधि पनि आइसकेको छ, यसले खेलाडीको सुरक्षा र प्रोत्साहनमा नयाँ आयाम थपिनेछ।"